# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.

## Rastra Utthan Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था)

# वार्षिक प्रतिवेदन

आ.व. २०७८/७९

# चौथो वार्षिक साधारण सभा

केन्द्रीय कार्यालयः

सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.

## सञ्चालक समिति



**श्री चिरञ्जीवी वुढा क्षेत्री (वि.सी.)**
अध्यक्ष
प्रतिनिधि, प्रभु बैक लि.



**श्री प्रदिप कुमार तिमिलसिना**
सञ्चालक
प्रतिनिधि, नेपाल ग्रामीण विकास संस्था



**सि.ए. श्री विमल डंगोल**
सञ्चालक
प्रतिनिधि, राष्ट्रिय वाणिज्य बैंक लि.



**श्री विजय कुमार क्षेत्री**
सञ्चालक
स्वतन्त्र



**श्री जगन्नाथ कुइंकेल**
कम्पनी सचिव

## उच्च व्यवस्थापन समुह



**श्री जया लोहनी**
कार्यकारी निर्देशक



**श्री जगन्नाथ कुईकेल**
सहायक कार्यकारी निर्देशक



**श्री सुरेश बोहरा**
निर्देशक
प्रशासन, मानव संशाधन
तथा तालिम विभाग

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

# वार्षिक प्रतिवेदन

आ.व. २०७८/७९

## चौथो वार्षिक साधारण सभा

२०८० असार १६

# विषय सूची


| क.सं. | विषय सूची | पेज नं. |
|---|---|---|
| १ | चौथो वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना | १ |
| २ | चौथो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सामान्य जानकारी | २ |
| ३ | प्रतिनिधि (प्रोक्सी) फारम | ३ |
| ४ | संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वरा प्रस्तुत प्रतिवेदन | ५ |
| ५ | विगत ४ बर्षमा संस्थाको कार्यक्रमको तुलनात्मक विवरण (ग्राफ) | ११ |
| ६ | आर्थिक वर्ष २०७८/७९को कम्पनी ऐन, २०६३ को दफा १०९ उपदफा (४) अनुसारको अतिरिक्त विवरणहरु | १३ |
| ७ | धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम २ सँग सम्बन्धित अनुसूची १५ बमोजिमको वार्षिक विवरण | १६ |
| ८ | सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा (५) को उपदफा (३) बमोजिमको आ.व. २०७९/०८० मा सार्वजनिक गरेको विवरण | १७ |
| ९ | संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन (सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम) | १९ |
| १० | आ.व. २०७८/०७९ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकको स्वीकृत पत्र | २७ |
| ११ | नेपाल राष्ट्र बैंकको पत्रमा उल्लेख कैफियत उपर सञ्चालक समितिको प्रतिक्रिया | २८ |
| १२ | प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी तीन महले विवरण | ३० |
| १३ | स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | ३१ |
| १४ | वित्तीय विवरणहरु | |
| | १४.१ वासलात | ३४ |
| | १५.२ नाफा नोक्सान हिसाब | ३५ |
| | १४.३ नाफा नोक्सान बाँडफाँड हिसाब | ३६ |
| | १४.४ ईक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण | ३७ |
| | १४.५ नगद प्रवाह विवरण | ३८ |
| | १४.६ वित्तीय विवरणहरुसँग सम्बन्धी अनुसूचीहरु | ३९ |
| | १४.७ प्रमुख लेखा नीतिहरु | ५४ |
| | १४.८ लेखा सम्वन्धी टिप्पणीहरु | ५७ |
| १५ | NFRS मा आधारित वित्तीय विवरण तथा अनुसूचीहरु | ६६ |
| १६ | महत्वपूर्ण टिपोटहरु | १३५ |
| १७ | तालिम कार्यक्रमका केही झलकहरु | १३७ |


-- ०oo --

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (RULBSL)

सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

## चौथो बार्षिक साधारण सभाको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/२/२७)**

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/२/२६ गतेको सञ्चालक समितिको ९०औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफु स्वयं वा रितपूर्वकको प्रतिनिधि मार्फत उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८०/३/१६ गते शनिबार (तद्अनुसार ०१ जुलाई, २०२३),

स्थान : होटल अरनिको, धुलिखेल, काभ्रेपलान्चोक

समय : अपरान्ह १:०० वजे ।

**<u>छलफलका विषयहरुः</u>**

**(क) साधारण प्रस्तावहरुः**

१) अध्यक्षज्यूको मन्तब्य तथा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को बासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७८/०७९ को वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**

**१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमाः**

१.१ संस्थाको चुक्ता पूँजी रु. १७,५०,००,०००/- (अक्षरेपी सत्र करोड पचास लाख) बाट वृद्धि गरी रु. २६,००,००,०००/- (अक्षरेपी छब्बीस करोड मात्र) पुर्‍याउने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

१.२ प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

**२) गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमाः**

२.१ राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग गाभ्ने/गाभिने (प्राप्ति) मा जाने प्रयोजनको लागि सम्पन्न प्रारम्भिक सहमतिपत्र (MoU), संयुक्त प्राप्ति समिति गठन एवं संयुक्त प्राप्ति समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

२.२ राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड तथा आशा लघुवित्त वित्तीय संस्था लिमिटेड बीच भएको गाभ्ने/गाभिने (प्राप्ति) सम्बन्धी प्रारम्भिक सहमतिपत्र (MoU) बमोजिम यस संस्थाको चल अचल संपत्ति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति समितिबाट सम्पत्ति र दायित्व मूल्यांकनकर्ता N.B.S.M. & Associates, Chartered Accountants लाई गरेको नियुक्ति र निजको पारिश्रमिक तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी अन्य भए गरेका खर्चहरु अनुमोदन गर्ने ।

२.३ आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग यस लघुवित्त वित्तीय संस्था प्राप्ति (एक्विजिशन) मा जाने अन्तिम संझौता पत्र (Final Agreement Paper) लगायतका अन्य भए गरेका संपूर्ण कार्यहरुको अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने । साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै बांकी भएतापनि प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुबै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी एक पूर्णकालिन नयां सञ्चालक समिति गठन भएपश्चात् विद्यमान सञ्चालकहरुको बांकी कार्यकाल स्वतः समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२.४ राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्यांकनकर्ता N.B.S.M. & Associates, Chartered Accountants बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति समितिको सिफारिसमा यस वित्तीय संस्थाको संचालक समितिले स्वीकृत गरे बमोजिम यस लघुवित्त संस्थाको १ कित्ता शेयर बराबर आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio, 1:1) कायम गरी आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग प्राप्ति (एक्विजिशन) मा जानको लागि स्वीकृति प्रदान गर्ने ।

२.५ राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिसन) गरे पश्चात् **"राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड"** को नामबाट एकीकृत कारोबार गर्ने तथा केन्द्रीय कार्यालय यसै संस्थाको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३ काभ्रेपलान्चोकमा रहने प्रस्ताव पारित गर्ने ।

२.६ राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिसन) गर्ने प्रकृयामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पूंजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका संपूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

१) स्वतन्त्र संचालकको नियुक्तिको जानकारी सम्बन्धमा ।

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. चौथो वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८०/०३/०५ गते १ दिन शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०३/०४ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।

२. चौथो वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, साँगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक वा एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा सम्पर्क गर्नुहुन वा वित्तीय संस्थाको वेबसाईट www.rulbsl.com बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन् ।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:३० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, साँगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकमा दर्ता गराउनु पर्नेछ ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका पदाधिकारीबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

८. छलफलका विषयसूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन ।

९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा प्रचलित कानुनले निषेध गरेका बस्तुहरु लिई आउन पाईने छैन ।

१०. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । बार्षिक साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी विस्तृत विवरण वित्तीय संस्थाको वेबसाईट www.rulbsl.com तथा केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकको सूचना पाटीमा टांस गरिनेछ ।

११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

# प्रतिनिधि (प्रोक्सी) फारम

श्री संचालक समिति
राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय
साँगा, काभ्रेपलान्चोक ।

**विषयः प्रतिनिधि (Proxy) नियूक्त गरेको बारे ।**

महाशय,

................................. जिल्ला ............................... म.न.पा/उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ...... बस्ने म ......................................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८०/०३/१६ का दिन हुने चौथो वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .................जिल्ला म.न.पा/उ.म.न.पा./न.पा./गा.पा.वडा नं ......बस्ने त्यस कंपनीका शेयरधनी श्री/श्रीमती ................................................लाई मेरो प्रतिनिधि (Proxy) नियूक्त गरी पठाएको छु ।

**प्रतिनिनिधिको**

दस्तखतः

नामः

**निवेदकको**

दस्तखतः

नामः

ठेगानाः

शेयर संख्याः

मितिः

**द्रस्टब्यः**

१. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा शेयरवाला बाहेक अरुलाई गर्न पाइने छैन ।
२. यो निबेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सांगा,बनेपा न.पा-१३, काभ्रेपलाञ्चोकमा पेश गरी सक्नु पर्नेछ ।
३. एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा फारम रद्द गरिने छ । एउटा भन्दा बढी फारम प्राप्त भएमा सबैभन्दा अगाडी दर्ता भएको प्रतिनिधि (प्रोक्सी)लाई मान्यता दिइनेछ ।

---------------------------------------------------------------------------

# प्रवेश-पत्र

शेयर धनीको नाम :......................................................................

शेयर क्रम संख्या नं. :........................................................................

शेयर संख्या :........................................

शेयर धनीको दस्तखत :............................ चौथो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र :

१. यो प्रवेश-पत्र सभा कक्षमा प्रवेश गर्दा र साधारण सभा सम्पन्न नहुन्जेल अनिवार्य रुपमा साथमा राख्नु होला ।
२. प्रवेश-पत्रको खाली स्थान शेयरधनी स्वयम्ले भर्नु हुन अनुरोध छ ।

*नोटः यो निवेदन साधारण सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै संस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ : (एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।)*

# चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट श्री अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको चौथो वार्षिक साधारण सभामा भाग लिन पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई वित्तीय संस्थाको सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु । यस अवसरमा यहाँहरू समक्ष संस्थाको चौथो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा ज्यादै खुशी लागेको छ । विक्रम सम्बत् २०७९ आषाढ मसान्तसम्मको वित्तीय संस्थाको वासलात, आर्थिक वर्ष २०७८/०७९ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण तथा संलग्न अनुसूचीहरू स्वीकृतिका लागि यस गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन पश्चात् यहाँहरुबाट वित्तीय संस्थाले पाउने सुझाव, सहयोग तथा सद्भावले वित्तीय संस्थाको भावी कार्ययोजना निर्माण तथा लक्ष्य प्राप्तिमा थप मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

## (१) लघुवित्तको पृष्ठभूमि तथा वर्तमान वातावरण र कारोबारको सिंहावलोकन :

श्री नेपाल राष्ट्र बैंकको नीति अनुसार सबै लघुवित्त गैर सरकारी संस्थाहरु (FI-NGOs) "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा रुपान्तरण गर्ने निर्देशन बमोजिम नेपाल ग्रामीण विकास संस्थाको लघुवित्त परियोजना, "क" वर्गका वाणिज्य बैंकहरु; राष्ट्रिय वाणिज्य बैंक लि. र प्रभु बैंक लि. तथा ३६ प्रतिष्ठित व्यक्तिहरु समेतको संस्थापक शेयर रहने गरी यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापना भएको हो ।

यो लघुवित्त वित्तीय संस्था नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०६/१४ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । यस संस्थाको हाल अधिकृत पूंजी रु. ५० करोड, जारी तथा चूक्ता पूजी रु. २६ करोड रहेको छ । यस संस्थाले नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्ने ईजाजतपत्र मिति २०७५/१०/१६ मा प्राप्त गरेको र मिति २०७५/११/०८ का दिन देखि नेपाल ग्रामीण विकास संस्थाको सम्पत्ति तथा दायित्व यस संस्थामा हस्तान्तरण भई विधिवत् कारोबार शुभारम्भ भएको व्यहोरा सवैमा स्मरण गराउन चाहन्छु ।

यस संस्थाले मिति २०७५/११/०८ का दिनदेखि वित्तीय कारोवार सञ्चालन गरेर आफ्नो कार्यक्षेत्र भित्रका दुरदराज गाउँबस्तीहरु रहेका आर्थिक र सामाजिक रुपमा पछि परेका विपन्न परिवारलाई विषेशतः महिला बर्गलाई वित्तीय पहुँच लगायतको सेवा प्रदान गर्दै आएकोछ । आर्थिक बर्ष २०७८/०७९ को अन्त्य सम्ममा वित्तीय संस्थाले नेपाल भरिका ४२ जिल्लामा १०० वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त सेवा प्रदान गर्दैआएको छ । साथै यस आर्थिक बर्षको अन्त्य सम्ममा संस्थाबाट ५१,५७३ परिवारले लघुवित्त सेवा लिईरहेका छन् ।

## (२) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट संस्थाको कारोवारलाई परेको असर तथा सोको न्यूनीकरण :

विगतको कोरोना माहामारीले पारेको असर, वर्तमान अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जाको ब्याजदर र सेवा शूल्कमा वृद्धि तथा विद्यमान असहज परिस्थितिको कारण कर्जा असुलीमा भएको कठिनाईले गर्दा वित्तीय संस्थाको व्याज आम्दानीमा संकुचन आई समग्र नाफा र नगद प्रवाहमा प्रतिकुल असर परेको छ । साथै हालै नियमन निकायबाट लागू भएको १ ऋणी १ लघुवित्त संस्था र लघुवित्त वित्तीय संस्थाहरु बीचको तिब्र प्रतिस्पर्धाको कारण समेत यस संस्थालाई प्रतिकुल असर परिरहेको छ ।

यस विषम परिस्थितिका बावजुद व्यवस्थापनको कार्यकौशल, स्रोत परिचालन गर्न सक्ने क्षमता र जोखिम व्यवस्थापन गर्न प्रयोग गरिएका उचित रणनीतिका कारण प्रतिकुल अवस्थामा समेत यस अवधिमा संस्थाको कारोवार सन्तोषप्रद रहेको व्यहोरा यस सभालाई जानकारी गराउन पाउंदा हामीलाई खुशी लागेको छ ।

(३) **प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धि, चुनौती र भावी योजना तथा रणनीति निम्नानुसार रहेको छ।**

**३.१. उपलब्धि विवरण :**

वित्तीय संस्थाको चालु आ.व. २०७९/०८० को **चैत्र** मसान्तसम्मको वित्तीय विवरण अनुसारको कारोवारमा भएको उपलब्धि विवरण देहाय बमोजिम रहेको छ।

(***नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको***)

| क्र.सं. | विवरण | आ.ब.२०७८/०७९ आषाढ मसान्त सम्मको | चालु आ.ब.२०७९/०८० चैत्र मसान्त सम्मको | थपघट प्रतिशत |
|---|---|---|---|---|
| १. | चुक्ता पुंजी | २६०,०००,००० | २६०,०००,००० | ०.०० |
| २. | सापटी | २,१४५,८२८,२६६ | २,३२२,५६९,४८६ | ८.२४ |
| ३. | बचत निक्षेप | ८२८,४९८,६७८ | ८६३,७४४,५८१ | ४.२५ |
| ४. | बैंक तथा नगद मौज्दात | १७७,०२१,७५८ | १७९,२८८,०७० | १.२८ |
| ५. | लगानीमा रहिरहेको कर्जा | ३,२५७,२२९,५३६ | ३,४९८,९२५,८३५ | ७.४२ |
| ६. | व्याज आम्दानी | ४७४,५७६,८२८ | ३९३,७८३,६८९ | (१७.०२) |
| ७. | अन्य आम्दानी | ४०,९०९,९९४ | ३६,८२८,८५८ | (९.९८) |
| ८. | कर्मचारी तलब भत्ता खर्च | १३३,८५०,६४६ | ११२,५५५,०२८ | (१५.९१) |
| ९. | कार्यालय संचालन खर्च | ६६,१९२,८२२ | ४४,३००,५६१ | (३३.०७) |
| १०. | व्याज खर्च | २२५,५४६,९४२ | २३४,२३४,९५२ | ३.८५ |
| ११. | खूद नाफा/नोक्सान | ५३,६८८,७९८ | ३७,२३८,९२३ | (३०.६४) |
| १२. | जिल्ला संख्या | ४२ | ४३ | २.३८ |
| १३. | शाखा संख्या | १०० | १०१ | १.०० |
| १४. | केन्द्र संख्या | ४,८८२ | ५,२११ | ६.७४ |
| १५. | सदस्य संख्या | ५१,५७३ | ५४,३७८ | ५.४४ |
| १६. | ऋणी संख्या | ३५,२९० | ३५,८५३ | १.६० |
| १७ | कर्मचारी संख्या | ३१४ | ३१४ | ०.०० |

बैंकिङ्ग प्रणालीमा तरलताको चरम अभाव र कर्जा सापटीको व्याजदरमा अत्यधिक बृद्धिको कारण एकातिर संस्थाको व्याज खर्चमा उल्लेखनीय बृद्धि भएको तर संस्थाले कर्जा लगानीमा लिने व्याजदरमा नियामक निकायबाट अधिकतम सिमा निर्धारण गरिएकोले खुद व्याज आम्दानीमा खासै बृद्धि नभई बार्षिक लक्ष्यनुसार खुद मुनाफा नभएतापनि यस अवधिमा संस्थाको समग्र वित्तीय स्थिति सन्तोषजनक रहेको छ। यस अवधिमा यस संस्थाले देशका ४३ जिल्लामा १०१ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आइरहेको छ। संस्थाले लघुवित्त कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुंच नपुगेका दुर्गम स्थानीय तहहरुलाई प्राथमिकतामा राख्दै समूह/गैर समुहका कुल ५४,३७८ विपन्न परिवार सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको छ। कृषि, पशुपालन, सेवा व्यवसाय, लघु उद्यम तथा समूहको आवश्यकता अनुसारका व्यवसायहरुमा लगानी बढाउंदै राष्ट्रिय स्तरको अग्रणी लघुवित्त वित्तीय संस्थाको रुपमा छोटो अवधिमै आफुलाई स्थापित गर्न सफल भैरहेको छ।

**३.२. समस्या र चुनौती :**

कर्जा सापटको व्याजदरमा निरन्तर बृद्धि, तरलता अभाव, कर्जाको सांवा र व्याज असुलीमा समस्या, वित्तीय संस्थाहरुका बीचको तिब्र प्रतिस्पर्धा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा आएको सुस्तता लगायतबाट यस संस्थामा समेत प्रत्यक्ष रुपमा असर परेको छ। उल्लेखित कारणहरुका साथै हाल भैरहेको मर्जर तथा प्राप्ति

मार्फत प्रतिष्पर्धी संस्थाहरुको क्षमतामा भएको बृद्धि, छोटो छोटो समयमा भैरहने नियमनकारी परिवर्तन आदि कारणले गर्दा संस्थाको व्यवसाय विस्तारमा थप चुनौती हुने देखिन्छ ।

### ३.३ वित्तीय संस्थाको भावी योजना तथा रणनीति :

उल्लेखित चुनौतीहरुको सामना गर्दै जनशक्तिको प्रभावकारी व्यवस्थापन गर्ने, नयां लगानीका क्षेत्रहरु पहिचान गर्ने, संचालन खर्चमा मितव्ययिता अपनाउने, प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने, आधुनिक प्रविधिको प्रयोग गरी डिजिटल प्रविधिमा जोड दिने, वित्तीय सेवा पहुंच नपुगेको क्षेत्रको पहिचान गरी सेवा प्रदान गर्ने तथा उपयुक्त व्यवसायिक रणनीतिको तर्जुमा गरी कार्य संचालन गर्ने संस्थाको रणनीति रहेको छ । आगामी दिनहरुमा उपलब्ध स्रोत साधनको सही तवरले प्रयोग गर्दै विपन्न वर्गका ऋणीहरुको आवश्यकता पुरा गर्ने उद्देश्यमा यो लघुवित्त वित्तीय संस्था दृढ रहेको छ।

नेपाल राष्ट्र बैंकको नीति/निर्देशन तथा हालको आवश्यकता बमोजिम यस वित्तीय संस्था आशा लघुवित्त वित्तीय संस्थामा गाभिने अन्तिम सम्झौता भएको छ । तत् पश्चात् एक सबल र सक्षम वित्तीय संस्थाको रुपमा स्थापित हुने विश्वास लिईएको छ ।

### (४) ग्राहक संरक्षण तथा वित्तीय साक्षरता कार्यक्रम :

संस्थासंग आबद्ध रहेका सदस्यहरुको सामुहिक हितको लागि ग्राहक संरक्षण कोष मार्फत नीतिगत व्यवस्था गरी विभिन्न सहयोग जस्तै ग्राहक सदस्यहरुलाई कल्याणकारी सुत्केरी खर्च प्रति व्यक्ति रु.२,०००/-, सदस्यको पति/पत्नीको वा छोरा/छोरीको मृत्यु भएमा क्रिया खर्च प्रति व्यक्ति रु.५,०००/-, ऋणीको मृत्यू भएमा बांकी सांवा/व्याज मिनाहा, दैविप्रकोपबाट धन जनको क्षति भएमा अवस्था हेरी राहत खर्च, उत्कृष्ठ केन्द्र प्रमुख तथा सदस्यलाई पुरस्कार, एस.ई.ई. परिक्षामा सर्बोत्कृष्ठ अंक हासिल गर्ने सदस्यका छोरा/छोरीलाई प्रति व्यक्ति रु.५,०००/- नगद पुरस्कारको व्यवस्था गर्दै आएकोछ । यस आ.ब.मा यस कोषबाट कल्याणकारी खर्च रु. १,१६,६६,७२०/- गरिएको छ ।

यस वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, दैविप्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सरसफाई, सांस्कृतिक प्रवर्द्धन, वित्तीय साक्षरता, लक्षित वर्गको आयआर्जन र क्षमतामा अभिवृद्धि गर्ने खालका बिभिन्न सामाजिक कार्यक्रमहरु गर्दै आफ्नो सामाजिक उत्तरदायित्व पुरा गर्दै आएको छ ।

### (५) पूंजी बृद्धिः

यस वित्तीय संस्थाले यस आ.ब.मा सर्बसाधारणमा शेयर निष्कासन गरी चुक्ता पूंजी रु. १७ करोड ५० लाखबाट रु. २६ करोड पु-याएको छ ।

### (६) कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :

वित्तीय संस्थाको नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरुसंग सुमधुर सम्वन्ध रही आएको छ । साथै सरकारी/गैरसरकारी संस्था र बैंक तथा वित्तीय संस्थाहरु एवं सेवाग्राही सदस्यहरु लगायतका सम्पूर्ण सरोकारवालाहरुसँग सौहार्दपूर्ण सम्वन्ध कायम राख्दै सहकार्य गर्दै आएको छ । विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट विपन्न वर्ग कर्जा प्राप्त भएको र आवश्यकतानुसार थप रकम प्राप्त हुनेछ । यी र यस्तै प्रकारका भविष्यमा हुने थप सम्बन्धले वित्तीय संस्थाको भविष्यमा फलदायी नतिजा निस्कने अपेक्षा गरिएको छ ।

### (७) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

७.१. आ.व. २०७८/०७९ को सञ्चालक समिति यस प्रकार रहेको थियो :

| क्र.सं. | नाम र थर | पद |
|---|---|---|
| १ | श्री प्रल्हाद मान माली | अध्यक्ष (स्वतन्त्र सञ्चालक) |
| २ | श्री चिरन्जीवी वुढा क्षेत्री (वि.सी.) | सञ्चालक |
| ३ | श्री रीता सापकोटा पौडेल | सञ्चालक |
| ४ | श्री प्रदीप कुमार तिमिलसिना | सञ्चालक |
| ५ | श्री विमल डंगोल | सञ्चालक |

७.२. आ.व. २०७९/०८० मा हालसम्म सञ्चालक समिति यस प्रकार रहेको छ ।

| क.सं. | नाम र थर | पद | हेरफेरको कारण |
|---|---|---|---|
| १ | श्री चिरन्जीवी वुढा क्षेत्री (वि.सी.) | अध्यक्ष | अक्ष्यक्षले राजिनामा दिएकोले |
| २ | श्री प्रदीप कुमार तिमिलसिना | सञ्चालक | हेरफेर नभएको |
| ३ | श्री विमल डंगोल | सञ्चालक | हेरफेर नभएको |
| ४ | श्री विजय कुमार क्षेत्री | स्वतन्त्र संचालक | नयां नियुक्ती भएको |

**(८) कारोबारलाई असर पार्ने मुख्य कुराहरू :**

यस संस्थाको कारोवारलाई मुख्यतः निम्न लिखित लगायतका कुराहरुले विशेष असर पार्दछ । उपरोक्तानुसार असर न्यूनीकरणका लागि संस्थाको सञ्चालक समिति, विभिन्न उप समिति तथा व्यवस्थापन पक्ष चनाखो रही सम्भावित हानी नोक्सानी कम गर्न कटिबद्ध रहेकाछौं । यस कार्यमा शेयरधनी महानुभावहरुबाट समेत सुझावको अपेक्षा राखेका छौं ।

८.१ बर्तमान परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरुको तरलतामा संकुचन आउंदा ब्याजदरमा हुने बृद्धि र यस संस्थाले पाउन सक्ने वित्तीय स्रोतको कमीबाट उत्पन्न हुन सक्ने समस्या,

८.२ समग्र देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियमन एवं निर्देशनको अप्रत्याशीत परिवर्तनबाट सिर्जना हुनसक्ने असरहरु,

८.३ एउटै व्यक्तिले विभिन्न संस्थाहरुबाट कर्जा लिने प्रवृति बढेकोले बजारमा कर्जा सेवाको प्रवाह ग्राहकको क्षमताभन्दा बढी हुने अवस्था,

८.४ देशका दुर्गम स्थानहरुमा शाखा कार्यालय खोल्न तथा प्रविधि उपयोग गर्न न्यूनतम सुविधा नहुँदा काम गर्न कठिनाई हुनुका साथै संस्थालाई बढी व्ययभार व्यहोर्नु पर्ने अवस्था,

८.५ काबु बाहिरको परिस्थितिबाट आकस्मिक रुपमा आउन सक्ने घटना र हाल लघुवित्त क्षेत्रमा विभिन्न कारणबस कर्जा असुली प्रकृयामा भैरहेको अवरोधका कारणले गर्दा कर्जा अनुशासनमा नकारात्मक प्रभाव पर्न गई भाखा नाघेको कर्जाको मात्रा बढ्न सक्ने अवस्था ,

८.६ कर्जा सापटको व्याजदरमा निरन्तर बृद्धि तर संस्थाले लिने कर्जाको व्याजदरमा नियामक निकायबाट लगाईएको अंकुस,

८.७ बढ्दो Employee Turn Over देखिएकोले योग्य कर्मचारीको अभाव भई कर्मचारी उत्पादकत्वमा ह्रास,

८.८ उच्च मूल्य वृद्धिले सञ्चालन खर्च बृद्धि भई संस्थाको दीगोपनामा हुनसक्ने असर,

८.९ लघु तथा साना व्यवसाय, उद्योग तथा पूंजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरु,

८.१० प्राकृतिक प्रकोपको कारणले आउन सक्ने जोखिमहरु ।

**(९) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोको उपर सञ्चालक समितिको प्रतिक्रिया :**

यस वित्तीय संस्थाको नियमित कार्यसञ्चालनका क्रममा देखिएका सामान्य संचालनगत कैफियतहरु वाहेक आ.व.२०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनमा विशेष टिप्पणीहरु उल्लेख भएको छैन । देखिएका सामान्य कैफियतहरु प्राय : सुधार गरिसकिएको र अन्य कैफियतहरु सुधार हुने क्रममा रहेका छन् ।

**(१०) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

यस आ.ब.मा लाभांश प्रस्ताव गरिएको छैन ।

**(११) कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन :**

कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित सञ्चालक समितिको आ.ब. २०७८/०७९ को संक्षिप्त प्रतिवदेन यसै साथ संलग्न गरिएको छ ।

**(१२) संस्थागत सुशासन :**

संस्थागत सुशासन संस्था विकासको मेरुदण्ड हो भन्ने मान्यता अनुरुप संस्थाको आर्थिक तथा प्रशासनिक काम कारवाहीहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूती गराउन संस्था सदैव क्रियाशील छ । वित्तीय संस्थामा सम्पादन हुने कार्यहरु नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा प्रचलित व्यवस्थाहरुको पूर्ण रुपमा पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरु निमार्ण गरी सोको प्रभावकारी व्यवस्थापन, कार्यसञ्चालन र कार्यान्वयन गर्दै आईरहेको छ ।

**(१३) आन्तरिक नियन्त्रण प्रणाली:**

१३.१ **नीति तथा विनियमावली :** वित्तीय संस्थाले व्यवसायमा निहित जोखिमलाई न्यून गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेका नीति तथा निर्देशनको अधिनमा रहेर आवश्यक नीति, नियम र विनियमावली बनाई लागू गर्दै आएको छ ।

१३.२ **लेखापरीक्षण समिति :** वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको मातहतमा एक लेखापरीक्षण समिति गठन गरिएको छ । यस समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्य र परिणाम सम्बन्धमा विस्तृत छलफल गरी वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गर्दछ । वित्तीय संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरुको सो समितिमा सिधै पहुँच रहेको छ । निजहरूले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर सञ्चालक समितिले विस्तृत छलफल गर्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकले तोके बमोजिम प्रमुख उत्तरदायित्व हुने गरी यस समितिले कार्य संचालन गर्दछ ।

१३.३ **जोखिम व्यवस्थापन समिति :** वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहेका छन् । नेपाल राष्ट्र बैंकले तोके बमोजिम प्रमुख उत्तरदायित्व हुने गरी यस समितिले कार्य संचालन गर्दछ ।

१३.४ **कर्मचारी सेवा सुविधा समिति :** सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक कर्मचारी सेवा सुविधा समिति गठन गरेको छ । नेपाल राष्ट्र बैंकले तोकेबमोजिम काम कर्तब्य र अधिकार हुने गरी यस समितिले कार्य संचालन गर्दछ । कर्मचारीको सेवा सुविधा तथा शर्तहरुमा परिवर्तन गर्नुपर्दा यस समितिको सिफारिस बमोजिम गर्ने गरिएको छ ।

१३.५ **सम्पत्ति शुद्धीकरण अनुगमन समिति:** सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ । नेपाल राष्ट्र बैंकले तोकेबमोजिम काम कर्तब्य र अधिकार हुने गरी यस समितिले कार्य संचालन गर्दछ ।

**१४. मानव संशाधन विकास :**

गत आ.व. को अन्तसम्ममा संस्थामा कार्यरत कर्मचारीको संख्या ३१४ रहेकोमा आ.व. २०७८/०७९ को अन्त्यमा समेत कुल कर्मचारी संख्या ३१४ नैं रहेको छ । संस्थाले व्यवसायको आकार तथा शाखा संख्यामा वृद्धि सँगसँगै आवश्यक कर्मचारीको नियुक्ती तथा पदस्थापन पनि गर्दै आएको छ । कर्मचारीहरुको वृत्ति विकासका सन्दर्भमा सञ्चालन हुने विभिन्न विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम, सेमिनार र गोष्ठिहरुमा सहभागी गराउने कार्यलाई निरन्तरता दिनुका साथै वित्तीय संस्थाको आवश्यकता अनुसारका विषयहरुमा सम्बन्धित क्षेत्रका विज्ञहरुलाई परिचालन गरी तालिम कार्यक्रमहरुको आयोजना गरिएका छन् । संस्थामा कार्यरत कर्मचारीहरुको सामुहिक हक हितको संरक्षण गरी सामाजिक सुरक्षा प्रदान गर्न कर्मचारी कल्याण कोष खडा गरिएको छ । साथै सबै कर्मचारीहरुलाई नेपाल सरकारको सामाजिक सुरक्षा कोषमा आवद्ध गराई योगदान कर्तालाई सामाजिक सुरक्षा प्राप्त गर्ने व्यवस्था मिलाईएको छ ।

**१५. सम्बन्धित पक्ष विवरण :**

वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिको वित्तीय स्वार्थ भएको कुनै पनि पक्षसँग वित्तीय कारोवार गरेको छैन । सञ्चालक र कार्यकारी प्रमुखको विवरण र निजहरूलाई उपलब्ध गराइएको सुविधा यसै प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**१६ कृतज्ञता ज्ञापन :**

यस अवसरमा संस्थाको स्थापना र उन्नतिको लागि बहुमूल्य योगदान पुऱ्याउनु हुने शेयरधनी महानुभावहरु, ग्राहकवर्ग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लगायत अन्य निकायका पदाधिकारीहरु, संस्थाको प्रतिष्ठा उच्च राख्न सहयोग गर्नुहुने पत्रकारहरु, संस्थालाई कर्जा तथा बैंकिङ्ग सुविधा उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु एवम् अन्य शुभेच्छुकहरु प्रति सञ्चालक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । आउँदा दिनमा यहाँहरुबाट अझ बढी सहयोगको अपेक्षा गरेको छु । संस्थाले आजको दिनसम्म हासिल गरेका उपलब्धि विभिन्न संस्थाहरुको सहयोग र सद्भावको साथै संस्थाका कार्यकारी निर्देशक र सबै इमान्दार कर्मचारीहरुको अहोरात्रको परिश्रमबाट सम्भव भएकोले यस अवसरमा संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा, विगतमाझैं संस्थाको उन्नतिको लागि यहाँहरु सबैबाट आगामी दिनमा पनि सल्लाह, सुझाव र हौसला प्राप्त हुने अपेक्षा राखेको छु ।

**चिरन्जीवी वुढा क्षेत्री (वि.सी.)**
**अध्यक्ष**

मिति : २०८०/०२/२६

# विगत ४ वर्षको संस्थाको कार्यक्रमको तुलनात्मक विवरण (ग्राफ)







100
90
80
70
60
50
40
30
20
10
0
Ashad End 2076
Ashad End 2077
Ashad End 2078
Ashad End 2079
No.of Branch
Districts


50000
45000
40000
35000
30000
25000
20000
15000
10000
5000
0
Ashad End 2076
Ashad End 2077
Ashad End 2078
Ashad End 2079
Net Profit (in Rs. '000')

# आर्थिक वर्ष २०७८/७९को कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको अतिरिक्त विवरणहरु

**(क) विगत वर्षको कारोबारको सिंहावलोकन :**

सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**

सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलव्धि र भविष्यमा गर्नंपर्ने कुराको सम्वन्धमा सञ्चालक समितिको धारणाः**

सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

**(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :**

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत जानकारी उपलब्ध गराईएको ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण खुलाइएको ।

**(च) संस्थाको कारोवारलाई असर पार्न सक्ने मुख्य समस्या तथा चुनौतिहरु :**

सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**

आ.व.२०७८/०७९ को लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनमा सामान्य कैफियत रहेकोमा सो उपर कारवाही भइसकेको छ ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

यस आ.ब.मा लाभांश प्रस्ताव गरिएको छैन ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण :**

शेयर जफत भएको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

वित्तीय संस्थाले गरेको प्रगतिका बारेमा यसै प्रतिवेदनको विभिन्न बुँदाहरूमा प्रस्तुत गरिएको छ । यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

वित्तीय संस्थाले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन मूल प्रतिवेदनमा समावेश गरिएको छ । यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

यस संस्थामा कुनै पनि आधारभूत शेयरधनी व्यक्तिहरु हुनुहुन्न ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

वित्तीय संस्थाका सञ्चालक तथा पदाधिकारीहरुको शेयर स्वामित्व विवरण देहाय बमोजिम रहेको छ ।

**१) संचालक समिति पदाधिकारी:**

| क्र.सं. | नाम | पद | शेयर स्वामित्व(कित्ता) |
|---|---|---|---|
| १ | श्री प्रल्हाद मान माली | अध्यक्ष(स्वतन्त्र सञ्चालक) | शेयर नभएको |
| २ | श्री चिरन्जीवी वुढा क्षेत्री (वि.सी.) | सञ्चालक | शेयर नभएको |
| ३ | श्री रीता सापकोटा पौडेल | सञ्चालक | ८००० (संस्थापक) |
| ४ | श्री प्रदीप कुमार तिमिलसिना | सञ्चालक | शेयर नभएको |
| ५ | श्री विमल डंगोल | सञ्चालक | शेयर नभएको |

**२) व्यवस्थापन पदाधिकारी:**

| क्र.सं. | नाम | पद | शेयर स्वामित्व(कित्ता) |
|---|---|---|---|
| १ | श्री सुधीर प्रसाद लोहनी | कार्यकारी निर्देशक | २५,०००(संस्थापक)<br>८५० (साधारण) |
| २. | श्री जया लोहनी | नायव कार्यकारी निर्देशक | ५४०(साधारण) |
| ३. | श्री जगन्नाथ कुइंकेल | सहायक कार्यकारी निर्देशक | ३२०(साधारण) |
| ४. | श्री सुरेश बोहरा | वरिष्ठ प्रबन्धक | २२०(साधारण) |
| ५. | श्री हिरण्य बहादुर थापा | प्रबन्धक | २१०(साधारण) |
| ६ | श्री नेत्र जंग थापा | बरिष्ठ अधिकृत | १५५ (साधारण) |
| ७ | श्री पंकज पाण्डे | बरिष्ठ अधिकृत | १६५ (साधारण) |
| ८ | श्री पुष्कर मिश्र | का.मु.अधिकृत | १५० (साधारण) |
| ९ | श्री सरोज राज भारती | का.मु.अधिकृत | १२५ (साधारण) |

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ रहेको छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरीद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम :**

यस अवधिमा कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

१) **नीति तथा विनियमावली :** वित्तीय संस्थाले व्यवसायमा निहित जोखिमलाई न्यून गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेका नीति तथा निर्देशनको अधिनमा रहेर आवश्यक नीति, नियम र विनियमावली बनाई लागू गर्दै आएको छ ।

२) **लेखापरीक्षण समिति :** वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको मातहतमा एउटा लेखापरीक्षण समिति गठन गरिएको छ । यस समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गर्दछ । वित्तीय संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरूले सो समितिमा सिधै पहुँच राखेका छन् । निजहरूले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर सञ्चालक समितिले विस्तृत छलफल गर्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकले तोके बमोजिम यस समितिको प्रमुख उत्तरदायित्व हुने गरी समितिले कार्य संचालन गर्दछ ।

३) **जोखिम व्यवस्थापन समिति :** वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहेका छन् । नेपाल राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम, कर्तव्य र अधिकार हुने गरी कार्य संचालन गर्दछ ।

४) **कर्मचारीसेवा सुविधा समिति :** सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति गठन गरेको छ । नेपाल राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम कर्तब्य र अधिकार हुने गरी यस समितिले आफ्नो कार्य संचालन गर्दछ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

आर्थिक बर्ष २०७८/०७९ को व्यवस्थापन खर्च (कर्मचारी खर्च र अन्य सञ्चालन खर्च) रु. १९,७२,२५,६१३/- रहेको छ ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

सञ्चालक समितिद्वारा गठित लेखापरीक्षण समिति गैरकार्यकारी सञ्चालक श्री चिरन्जीवी बुढा क्षेत्री (वि.सि.) को संयोजकत्वमा गठन गरिएको छ । उक्त समितिमा अर्का संचालक श्री प्रदिप कुमार तिमिलसिना सदस्य हुनुहुन्छ भने आन्तरिक लेखा परीक्षण विभागका विभागीय प्रमुख सचिव रहनु भएको छ । लेखापरीक्षण समितिमा कार्य गरेवापत यस आर्थिक बर्षमा रु.३९,०००/- भत्ता प्रदान गरिएको छ । यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा बाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सोबाट प्राप्त सल्लाह, सुझाव तथा निर्देशनहरुको पालना भए नभएको मूल्यांकन गर्ने तथा उक्त प्रतिवेदनहरुको समीक्षा गरी सुधारका लागि आवश्यक निर्देशन दिने गरेको छ । समितिले आन्तरिक तथा बाह्य लेखापरीक्षकहरु नियुक्तिका लागि संचालक समिति समक्ष आवश्यक सिफारिस गर्ने गरेको छ ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

सो नभएको ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

(१) सञ्चालकको भत्ता तथा सुविधा रकम :
आ.व. २०७८/०७९ मा सञ्चालकहरुलाई बैठक भत्ता वापत रु २,८१,५००/- भुक्तानी गरिएको छ ।

(२) कार्यकारी प्रमुख तथा व्यवस्थापकहरुको बार्षिक तलब, भत्ता तथा सुविधाहरुः (रु.मा)

| क्र.सं. | विवरण | कार्यकारी प्रमुख | अन्य व्यवस्थापकहरु |
|---|---|---|---|
| १ | तलब | १६,८०,०००/- | २१,६६,०००/- |
| २ | भत्ता | ८,६१,४९३/३९ | १३,६१,७८२/४७ |
| ३ | दशैं भत्ता | १,४०,०००/- | १,७६,३००/- |
| ४ | सामाजिक सुरक्षा कोष | ३,३६,०००/- | ४,३३,२००/- |
| ५ | जम्मा रकम | **३०,१७,४९३/३९** | **४१,३७,२८२/४७** |
| ६ | जम्मा संख्या | १ | ३ |

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

सो नभएको ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति प्राप्ति वा बिक्री गरेको कुराको विवरण :**

**रकम रु.**

| गत बर्षको संपत्ती | यस बर्षको खरिद | यस बर्षको विक्री | यस बर्षको अपलेखन | यस बर्षको ह्रास कट्टी | यस बर्षको ह्रास कट्टी समायोजन/फिर्ता | बांकी संपत्ती |
|---|---|---|---|---|---|---|
| १,९३,६२,३४९/- | ५४,९३,८३०/- | ७,१८,६९०/- | ५,७८,८९०/- | ५६,४३,१४३/- | ९,५१,९८०/- | १,८८,६७,४३६/- |

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

वित्तीय विवरणको अनुसूचि ४.२७ को बुंदा २५ बमोजिम

**(भ) यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

सबै कुरा माथि प्रतिवेदनमा खुलाईएको छ ।

**(म) अन्य आवश्यक कुराहरु :**

सो नभएको ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम २ सँग सम्बन्धित अनुसूची १५ बमोजिमको वार्षिक विवरण

१. **सञ्चालक समितिको प्रतिवेदन :** वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

२. **लेखापरीक्षकको प्रतिवेदन :** वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण :** वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

४. **कानुनी कारबाही सम्बन्धी विवरण :**

(क) संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : सो नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : सो नभएको

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : सो नभएको ।

५. **संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : शेयरको मूल्य तथा कारोबार संख्या खुल्ला बजारबाट तय हुने भएकोले यसमा वित्तीय संस्था तटस्थ छ । शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनैपनि सूचना प्रचलित ऐन कानूनको अधिनमा रही प्रवाहित गर्ने गरेको छ । शेयर कारोबारलाई नियमन तथा सुपरीवेक्षण गर्ने नियामक निकाय नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा धितोपत्र बोर्डको प्रत्यक्ष सुपरीवेक्षणमा रही कारोबार भैरहेको छ ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथैसंख्या र कारोबार दिन : शेयर संख्या र कारोबार दिन :

| त्रैमास | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|---|
| तेस्रो | १९३१/७० | ५०२/- | १६६०/- | २२ | ८५०० |
| चौथो | १३१५/- | ८००/- | ९२६/- | ६४ | ८३४८ |
| **जम्मा** | | | | ८६ | १६८४८ |

६. **समस्या, चुनौती तथा रणनीति :**

**समस्या** : नियामक निकायहरुबाट हुने नीतिगत परिवर्तनहरु र सो बाट सिर्जित अवस्था, ब्याजदरमा भएको बढोत्तरी, वित्तीय संस्थाको आफ्नै स्थायी र दीर्घकालीन कोषको अभाव, कर्जा सूचना केन्द्रको प्रभावकारितामा कमी, कर्जा प्रवाहमा दोहोरोपना, सदस्यहरुमा वित्तीय साक्षरताको कमि ।

**चुनौति** : तरलता अभावले समग्र अर्थतन्त्र प्रभावित भएको कारण लघुवित्त क्षेत्रमा पर्ने दिर्घकालिन प्रभाव, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, ग्रामीण क्षेत्रमा आवश्यक न्यूनतम पूर्वाधारको कमी ।

**रणनीति :** माथि उल्लेखित समस्या एवं चुनौतिहरुको सामना गर्दै उत्कृष्ट लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुनको लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

- वित्तीय संस्थाको स्रोत तथा साधनको अधिकतम उपयोग गरी ग्राहक सदस्यहरुको सन्तुष्टिको स्तर बृद्धि गर्ने ।
- वित्तीय संस्थाको कार्यसम्पादनको गुणस्तरमा बृद्धि गर्ने ।
- वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुको क्षमतामा बृद्धि गर्ने ।

७. **संस्थागत सुशासन :** अध्यक्षज्यूले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा (५) को उपदफा (३) बमोजिमको आ.व. २०७९/०८० मा सार्वजनिक गरेको विवरण

१. **निकायको स्वरुप र प्रकृति :** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो ।

२. **निकायको काम, कर्तब्य र अधिकारः** बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्नुपर्ने काम, कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरण :** यस वित्तीय संस्थामा २०७९ चैत मसान्तमा कार्यरत कर्मचारी संख्या ३१४ रहेको छ । वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहका सदस्यहरुको नाम वित्तीय संस्थाको वेवसाईट www.rulbsl.com मा राखिएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गको ईजाजतप्राप्त संस्थाले प्रदान गर्नुपर्ने सम्पुर्ण सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण यस वित्तीय संस्थाको वेवसाईट www.rulbsl.com अन्तर्गत Branch खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :** यस वित्तीय संस्थाले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि यस वित्तीय संस्थाको वेवसाईटमा www.rulbsl.com अन्तर्गत Notice मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** वित्तीय कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रकृया मिलाइएको छ । कार्यकारी निर्देशक तथा यस वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : वित्तीय संस्थाका सेवाग्राहीहरु तथा अन्य व्यक्ति/संस्थाको गुनासो तथा उजुरी व्यवस्थापन गर्नका लागि हाल केन्द्रीय स्तरमा श्री नेत्र जंग थापालाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री नेत्र जंग थापा (अनुपालना विभाग प्रमुख)
राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय सांगा, बनेपा न.पा-१३, काभ्रेपलान्चोक फोन : ०११-६६००७३

९. **सम्पादन गरेको कामको विवरण :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'घ' वर्गको संस्थाले गर्न सक्ने सम्पूर्ण कारोवारहरु सम्पादन भइरहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पद :** वित्तीय संस्थाका सेवाग्राहीहरु तथा अन्य सम्बन्धित व्यक्ति/संस्थालाई आवश्यक सूचना प्रदान गर्न सहायक कार्यकारी निर्देशक श्री जगन्नाथ कुईंकेललाई तोकिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री जगन्नाथ कुईंकेल (सहायक कार्यकारी निर्देशक)
राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय सांगा, बनेपा न.पा-१३, काभ्रेपलान्चोक फोन : ०११-६६००७३

११. **ऐन, नियम तथा विनियमको सूची :** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय लगायतका ऐन, नियम, विनियम र निर्देशिकाहरु लघुवित्त कार्यक्रम संचालनका लागि प्रमुख रुपमा रहेका छन् ।

क. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३,
ख. नेपाल राष्ट्र बैंक ऐन,२०५८,
ग. कम्पनी ऐन, २०६३,
घ. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४,
ङ. सम्पत्ति शुद्धीकरण (मनिलाउण्डरिङ्ग) निवारण ऐन, २०६४,
च. धितोपत्र सम्बन्धी ऐन, २०६३,
छ. सुरक्षित कारोवार ऐन, २०६३,
ज. करार ऐन, २०५६,
झ. धितोपत्र नियमावली, २०७३
ञ. श्रम ऐन, २०७४,
ट. उपरोक्त ऐन बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु,
ठ. नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशन, निर्देशिका तथा परिपत्रहरु,
ड. वित्तीय संस्थाले कारोवार सञ्चालनका लागि बनाएको सम्पूर्ण नियम, विनियम, कार्यविधि तथा निर्देशिकाहरु ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :** यस वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएका छन् भने वित्तीय संस्थाको वेवसाइट www.rulbsl.com मा समेत प्रकाशित गरिने गरिएको छ ।

१३. **वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
श्रीमती जया लोहनी (कार्यकारी निर्देशक)
राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय सांगा, बनेपा न.पा-१३, काभ्रेपलान्चोक फोन : ०११-६६००७३

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :** यस वित्तीय संस्थाले लघुवित्त सम्बन्धी कार्य गर्दै आइरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण :** www.rulbsl.com

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** हालसम्म यस वित्तीय संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग लिएको छैन ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :** यस वित्तीय संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आइरहेको छ भने संस्थाको वेवसाइट www.rulbsl.com मा समेत रहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामसारी र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** सूचना वर्गीकरण गरिएको छैन ।

१९. **सार्वजनिक निकायमा परेका सूचनामा माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :** यस वित्तीय संस्थामा कुनै निवेदन प्राप्त नभएको ।

२०. **सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :** यस वित्तीय संस्थाको वार्षिक प्रतिवेदनहरु पुस्तकको रुपमा प्रकाशित भई संस्थाको वेवसाइटमा समेत प्रकाशन गरिएको छ । साथै वित्तीय संस्थाको त्रैमासिक वित्तीय विवरण विभिन्न राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेवसाइट www.rulbsl.com मा समेत प्रकाशित गरिदै आएको छ ।

**B. R. Parajuli & Associates**
**Chartered Accountants**
Firm No: 647
VAT No. : 605468708
COP: 720

सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४, अनुसारको

राष्ट्र उत्थान लघुवित्त वितीय संस्था लि.ले तयार गरेको प्रतिवेदनमा

लेखापरीक्षकको प्रमाणपत्र

नेपाल धितोपत्र बोर्ड,

राष्ट्र उत्थान लघुवित्त वितीय संस्था लि.को व्यवस्थापनले तयार पारेको र २३ जेठ २०८० (जुन, ७ २०२३) मा बसेको सञ्चालक समितिको ८८ औं बैठकले अनुमोदन गरेको ३२ असार २०७९ को आर्थिक वर्ष सम्बन्धी संलग्न प्रतिवेदनमा उल्लेख गरिएको जानकारी हामीले समिक्षा गरेका छौं ।

सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४, को आवश्यकता अनुसार यो प्रतिवेदन गर्नका लागि लघुवित्त वित्तिय संस्थाको व्यवस्थापन र सञ्चालक समिति जिम्मेवार छ । हाम्रो समिक्षा संस्थाले तयार गरेको खाता र श्रेष्ताहरुबाट प्रदान गरिएको जानकारीको प्रमानीकरणमा सिमित रहेको छ । यस प्रमाणपत्र लेखापरिक्षण वा लघुवित्त वित्तिय संस्थाको वित्तीय विवरणमा रायको अभिव्यक्ति होईन ।

हाम्रो विचारमा र हामीलाई प्रदान गरिएको जानकारी र स्पष्टीकरणको आधारमा हामी प्रमाणित गर्दछौं कि उपरोक्त प्रतिवेदनले यसमा उल्लेखित जानकारीलाई उचित रुपमा प्रस्तुत गर्दछ ।

..........................

सि.ए. वलराम पराजुली
बि.आर. पराजुली एंड एसोसिएटस
मिति: २०८० जेठ, २३

स्थान: साँगा, बनेपा-१३, काभ्रेपलान्चोक
UDIN: 230526CA00960LflXj

Anamnagar,Kathmandu,Nepal.Phone:-015705440
Email:brpandassociates@gmail.com;brp@brpnepal.com
Website: www.brpnepal.com

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन
## (सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

| | |
|---|---|
| सूचीकृत संगठित संस्थाको नाम | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि. |
| ठेगाना, इमेल र वेभसाइट सहित | सांगा, बनेपा न.पा. वडा नं-१३, काभ्रेपलाञ्चोक<br>Email: info@rulbsl.com.np,<br>Website: www.rulbsl.com |
| फोन नं. | ०११-६६००७३ |
| प्रतिवेदन पेश गरिएको आ.व. | २०७८/०७९ |

### १. सञ्चालक समिति सम्बन्धी विवरण

(क) संचालक समितिको अध्यक्षको नाम : श्री चिरन्जीवी वुढा क्षेत्री (वि.सी.)
नियुक्ति मितिः २०७९/८/२३

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य):

| शेयरधनी समूह | शेयरको स्वामित्व प्रतिशत | शेयर संख्या | चुक्ता रकम |
|---|---|---|---|
| संस्थापक समूह | ६७.३१ | १७,५०,००० | १७,५०,००,००० |
| सर्वसाधारण समूह | ३२.६९ | ८,५०,००० | ८,५०,००,००० |
| जम्मा | १०० | २६,००,००० | २६,००,००,००० |

(ग) संचालक समिति सम्बन्धी विवरण:

| क्र.सं. | संचालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति मिति | शैक्षिक योग्यता | संचालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री चिरन्जीवी वुढा क्षेत्री (वि.सी.) | प्रभु बैंक लि. | – | २०७६/९/२९ | स्नातकोत्तर | साधारणसभा |
| २ | श्री प्रल्हाद मान माली | स्वतन्त्र संचालक | – | २०७६/९/७ देखि २०७९/८/२३ सम्म | स्नातक | संचालक समिति |
| ३ | श्री प्रदिप कुमार तिमिलसिना | नेपाल ग्रामीण विकास संस्था | – | २०७६/९/२९ | आई.कम. | साधारणसभा |
| ४ | सि.ए. श्री विमल डंगोल | राष्ट्रिय वाणिज्य बैंक लि. | – | २०७७/१२/३ | स्नातकोत्तर/चार्टर्ड एकाउण्टेण्ट्स | साधारणसभा |
| ५ | श्री रीता सापकोटा पौडेल | संस्थापक शेयरधनी | ८००० | २०७६/९/२९ देखि २०७९/१२/३० सम्म | स्नातक | साधारणसभा |
| ६ | श्री विजय कुमार क्षेत्री | स्वतन्त्र संचालक | – | २०७९/१२/२३ | स्नातक | संचालक समितिबाट |

(घ) संचालक समितिको बैठक

यस आ.व. मा बसेको सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण :

| क्र.सं | सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०७८/०४/२९ | ४ | नभएको | २०७७/०४/१४ |
| २ | २०७८/०५/०९ | ४ | नभएको | २०७७/०५/२६ |
| ३ | २०७८/०५/२२ | ५ | नभएको | २०७७/०६/३० |
| ४ | २०७८/०५/३१ | ५ | नभएको | २०७७/०७/२५ |
| ५ | २०७८/०६/२४ | ५ | नभएको | २०७७/०८/३० |
| ६ | २०७८/०७/१२ | ५ | नभएको | २०७७/१०/२७ |
| ७ | २०७८/०७/१४ | ५ | नभएको | २०७७/११/१३ |
| ८ | २०७८/०७/२६ | ४ | नभएको | २०७७/१२/०३ |
| ९ | २०७८/०८/१९ | ५ | नभएको | २०७७/१२/२५ |
| १० | २०७८/०८/२४ | ५ | नभएको | २०७८/०२/१३ |
| ११ | २०७८/०९/१४ | ५ | नभएको | २०७८/०२/३१ |
| १२ | २०७८/०९/२९ | ५ | नभएको | २०७८/०३/११ |
| १३ | २०७८/१०/१८ | ५ | नभएको | २०७८/०३/३० |
| १४ | २०७८/१०/२६ | ४ | नभएको | २०७८/०३/३१ |
| १५ | २०७८/११/१२ | ५ | नभएको | |
| १६ | २०७८/१२/२३ | ५ | नभएको | |
| १७ | २०७९/०१/२८ | ५ | नभएको | |
| १८ | २०७९/०२/२७ | ५ | नभएको | |
| १९ | २०७९/०३/०२ | ५ | नभएको | |
| २० | २०७९/०३/०६ | ५ | नभएको | |
| २१ | २०७९/०३/१६ | ४ | नभएको | |
| २२ | २०७९/०३/२४ | ४ | नभएको | |
| २३ | २०७९/०३/३१ | ४ | नभएको | |

- **कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण:** सो नभएको ।
- सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण तल उल्लेखित बमोजिम रहेको छ ।

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए- नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने): | कार्यव्यस्थताको कारण ७ वटा बैठकमा ७ जना अनुपस्थित |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको: | राखेको |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) : सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति: | ४२ दिन, बैठक भत्ता सम्बन्धमा बैठक नबसेको |
| सञ्चालक समितिको प्रति बैठक भत्ता | अध्यक्षको रु. ३,०००/-<br>सदस्यको रु. २,५००/- |
